जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३
जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३

# साझेदारी

सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि

राष्ट्रिय दैनिक

SAJHEDARI NATIONAL DAILY

इ-पेपर हेर्नका लागि

वर्ष : ९ अंक : ११० २०८० साल कार्तिक २४ गते, शुक्रवार Friday 10, Nov. 2023 मूल्य रु. ५/- पृष्ठ : ४

## मिटर ब्याज पीडितद्वारा वीरगञ्जमा विरोध प्रदर्शन

*राम मण्डल*
*वीरगञ्ज, २३ कार्तिक*

मिटर ब्याजले पीडित बनेकाहरुले बिहीबार वीरगञ्जमा



*मिटर ब्याज पीडितहरु धर्ना दिदै* *फोटो: साझेदारी*

विरोध प्रदर्शन गरेका छन् ।

मिटर ब्याज पीडित ऋणीहरुले वीरगञ्जमा साहुहरु विरुद्ध र्‍याली निकाल्दै विरोध प्रदर्शन गरेका हुन् । उनीहरुले विरोध र्‍याली लिएर जिल्ला प्रशासन पुगेका थिए ।सिडियो कार्यालय अगाडी पुगेर कोण सभामा विरोध र्‍याली परिणत भएको थियो ।पर्सा बारासंगै मधेस प्रदेशका विभिन्न जिल्लाहरुबाट वीरगञ्ज आईपुगेका मिटर ब्याज पीडितहरुले ऐन बनेपनि न्याय नपाएको भन्दै विरोधमा उत्रिएका हुन् ।

र्‍यालीपछि सिडिओ कार्यालय अगाडि कोण सभा गर्दै मिटर ब्याज पीडितहरुले आफूहरुको समस्या समाधान गर्नको लागि कानुन बनेपनि साहुहरुले विभिन्न वहाना गरेर दुख दिन नछाडेको बताएका थिए ।

कोण सभालाई सम्बोधन गर्दै मिटर ब्याज तथा ठगी विरुद्ध किसान मजदुर संघर्ष समिति,नेपाल जिल्ला कार्य समिति पर्साका अध्यक्ष शिवजी साहले पीडितहरु जहाँ गएपनि बिना घुसको काम नहुने गरेको आरोप लगाए ।

सर्लाहीका रामईश्वर ठाकुरले साहुहरुसित मिलेमतो गरी कर्मचारीहरुले

**बाँकी तेस्रो पृष्ठमा**

## सिम्रौनगढबाट हतियार सहित पाँच जना पक्राउ

*साझेदारी संवाददाता*
*सिम्रौनगढ, २३ कार्तिक*

बाराको सिम्रौनगढबाट हतियार सहित पाँच जनालाई प्रहरीले बिहीबार पक्राउ गरेको छ ।

सिम्रौनगढ नगरपालिका वडा नम्बर ११ भगवानपुर गाउँबाट पाँच जना हतियारधारी समूहलाई सिम्रौनगढको प्रहरीको टोलिले पक्राउ गरेको हो ।उनीहरुका साथबाट दुई थान पेस्तोल र १० राउन्ड गोली बरामद भएको छ ।

ईलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रहरी निरीक्षक रविभूषण यादवका अनुसार पक्राउपर्नेमा बारा सिम्रोनगढ नगरपालिका . वडा नं.११ भगवानपुर बस्ने बर्ष ४० को उपेन्द्र पटेल रहेका छन् ।

यस्तै सोही ठाउँका वर्ष २७ को धिरेन्द्र पटेल ,.बर्ष ६२ को रुपलाल पटेल ,जिल्ला रौतहट बौधीमाई




*पक्राउ परेका पाँच जना र बरामद हतियार* *फोटो: साझेदारी*

नगरपालिका वडा नं.२ बस्ने .बर्ष ४४ को राजमंगल पटेल र बर्ष ८० को सोभा राउत रहेका छन् ।

उनीहरुलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जनाए । बिशेष सूचनाको आधारमा गएको प्रहरीको टोलीले उपेन्द्र पटेलको घरबाट सो परिमाणको हातहतियार लुकाई छपाई राखेको अवस्थामा बरामद गरेको थियो ।

## १५ किलो लागुऔषध गाँजा सहित तीन पक्राउ



*बरामद गाँजाको पोका* *फोटो: बारा प्रहरी*

*साझेदारी संवाददाता*
*कलैया, २३ कार्तिक*

बाराको कलैयाबाट प्रहरीले लागुऔषध गाँजा सहित तीन जनालाई पक्राउ गरेको छ ।

कलैया उपमहानगरपालिका वडा नम्बर १० मटिअर्वा स्थित नहर चोकमा खटिएको प्रहरी चेकिङ टोलीले १५ किलो गाँजा बरामद गरेको हो । कलैयाबाट मटिअर्वातर्फ जादै गरेको प्र(२(०३(००१ ह ९१० नं.को अटोलाई रोकी चेकजाँच गर्ने क्रममा लुकाई छिपाई राखेको गाँजा बरामद गरिएको हो ।

प्रहरीले गाँजासंगै अटो चालक बारा कलैया १२ बस्ने वर्ष २८ को ताहीर अंसारी ,अटोमा सवार भारत विहार पुर्वी चम्पारण जिल्ला मोतिहारी, आधापुर वडा न.४ बस्ने .वर्ष २१ को इश्राफी हवारी र अटोमा सवार अर्का भारतीय.वर्ष ३५ को जफीर मियाँ रहेका छन् ।

पक्राउ परेका तीनै जनालाई जिल्ला प्रहरी कार्यालय बारामा राखेर थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

## वृन्दाबनमा हाकिम नहुदा बृद्धबृद्धाले चाडपर्वमा पनि पाएनन भत्ता

*करण कुमार मिश्र*
*रौतहट, २३ कार्तिक*

रौतहटको वृन्दावन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा पठाएको सुरेन्द्र प्रधानले संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयमा राजनीतिक द्वन्द्व र विवादका कारण सो पालिकामा आफू हाजिर नहुने निवेदन दिएका छन ।

प्रधानले निवेदन दिएपछि मन्त्रालयले सोही पालिकामा कार्यरत रासनारायण पटेललाई पुनः प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिन



खोज्दा र रौतहट क्षेत्र नम्बर ४ का संघीय सांसद देवप्रसाद तिमल्सिनाले मन्त्रालयमै होहल्ला मच्चाएका छन् । सांसद तिमल्सिनाले होहल्ला गर्दा बृन्दाबन पुनः हाकिमै विहिन नै रहने संकेत देखिएको समाचार स्रोतले जनाएको छ । यता प्रमुख प्रशासकीय अधिकृत नहुँदा ती पालिकाका वृद्धवृद्धाहरुले सामाजिक सुरक्षा भत्ता समेत लिन पाएका छैनन् ।

यतिखेर हाकिम बिहिन रहेका कारण वृन्दावन नगरपालिकामा हजारौ वृद्धवृद्धाहरुले दिपावली तथा छठ पर्वमा समेत भत्ता नपाउने संकेत देखिएको समाचार स्रोतले जनाएको छ ।

## रासससका सामग्री भूकम्प प्रभावित जिल्लाका सञ्चार माध्यमलाई निःशुल्क

*काठमाडौँ, २३ कात्तिक*

राष्ट्रिय समाचार समिति (रासस)ले जाजरकोट भूकम्पबाट प्रभावित जिल्लाका सञ्चार माध्यमलाई तीन महिनासम्म आफ्ना उत्पादन निःशुल्क उपलब्ध गराउने भएको छ ।

रासस सञ्चालक समितिको आजको बैठकले यही कात्तिक १७ गतेको भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम पश्चिम, रुकूम पूर्व र सल्ल्यान जिल्लामा सञ्चालित आमसञ्चार माध्यमलाई माघ महिनासम्मको समाचारलगायत आफ्ना उत्पादनको शुल्क नलिने निर्णय गरेको हो ।

राससले जाजरकोट भूकम्पबाट प्रभावित चार जिल्लाका आमसञ्चार माध्यमले रासस केन्द्रीय कार्यालयमा सम्पर्क गरी निःशुल्क रूपमा समाचार लिन सकिने व्यवस्था मिलाएको जानकारी दिदै कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राज्यद्वारा सञ्चालित राससको निर्णयबाट भूकम्प प्रभावित चार जिल्लाका सञ्चार माध्यम र त्यस क्षेत्रका स्थानीय जनता लाभान्वित हुने विश्वास व्यक्त गर्नुभएको छ ।

## मेयरद्धारा वडा अध्यक्षलाई कारवाही गर्न माग



*रञ्जन यादव*
*पर्सागढी, २३ कार्तिक*

पर्सा जिल्लाको पर्सागढी नगरपालिकाका नगर प्रमुख (मेयर) गोकर्ण पाठकले सार्वजनिक सम्पत्तीको तोडफोड गर्ने र शान्ति ,सुरक्षामा खल्ल पुरयाउँने प्रयास गर्ने वडा अध्यक्षलाई कारवाही माग गर्नुभएको छ ।

विहीवार कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गरी नगरप्रमुख पाठकले सभाहलको सि.सि.टि.भि.क्यामरा तोडफोड गर्ने वडा नम्बर ६ का वडा अध्यक्ष नवलकिशोर प्रसाद साह कलवारलाई कारवाहीको माग गर्नुभएको हो ।

सि.सि.टि.भि. क्यामरामा

**बाँकी तेस्रो पृष्ठमा**

## हत्यामा संलग्न एक महिला पक्राउ

*काठमाडौँ, २३ कात्तिक*

अछाममा १८ वर्षीय किशोरको हत्यामा संलग्न रही फरार रहेको अभियोगमा एक महिलालाई काठमाडौँबाट बुधबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा अछाम पञ्चदेवल विनायक नगरपालिका-८ घर भएकी ३० वर्षीया लक्ष्मी सुनार रहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

पञ्चदेवल विनायक नगरपालिका-८ बस्ने १८ वर्षीय दीपेन्द्रबहादुर शाहीको कात्तिक १७ गते बिहान हत्या गरी फरार रहेकी उनलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवन काठमाडौँबाट खटिएको प्रहरीले काठमाडौँ महानगरपालिका-१६ माछापोखरीबाट पक्राउ गरेको हो ।

उनलाई आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय अछाम पठाइएको छ । (रासस)

एक–आपसमा भेदभाव नगरौं, धार्मिक, साँस्कृतिक, सहिष्णुता कायम राखौं ।
महागढीमाई नगरपालिकाको कार्यालय, बरियारपुर बाराद्वारा जनहितमा जारी सन्देश

## साझेदारी राष्ट्रिय दैनिकका लागि

प्रकाशक/सम्पादक : श्यामबाबु प्रसाद यादव -९८५५०४५०८०
सह सम्पादक : सन्तोष पाण्डे -९८५५०४५९९०
उप-सम्पादक : गणेशराज रिजाल-९८५५०२४९५५
उप-सम्पादक : वसन्त खतिवडा -९८४५०९२५२४
लेआउट डिजाइनर : राजेश चौधरी :-९८०७२२८०६१
कानूनी सल्लाहकार : प्रमहंस प्र.केशरी, श्यामबिहारी कुशवाहा र नरेश चौधरी
मुद्रक : पौडेल अफसेट प्रेस, वीरगञ्ज
प्रधान कार्यालय : कलैया-१, राजदेवी टोल, बारा
सम्पर्क फोन : ०५३-५५१०४७, मो.नं.९८०९१९१३००

Email : sajhedari.daily@gmail/com, shyam.bara@gmail/com
facebooak : साझेदारी राष्ट्रिय दैनिक, साझेदारी दैनिक
twitter : @sajhedaridaily, YouTube : sajhedari daily
online : www.sajhedaridaily.com


## सम्पादकीय.....

# अस्पतालको अवस्था सुधार

मधेश प्रदेशको स्वास्थ्यमा अग्रणी रहेको प्रदेशको महानगर वीरगञ्ज हो । यहाँ प्रदेश भरीकै मानिसहरु उपचार गराउन आउँछन् । प्रदेशको राजधानी जनकपुर भएपनि स्वास्थ्यमा योगदान वीरगञ्ज शहरको छ। यहाँ भारतबाट समेत विरामीहरु उपचार गराउन आउँछन्। बारा, पर्साका सीमावर्ति भारतीय गाउँबाट मानिसहरु वीरगञ्जमा उपचार गराउन आउँछन्। नेपालमा संघीयता तथा गणतन्त्र आएपश्चात केही शहरहरु स्वास्थ्य क्षेत्रमा उदाउदै गएका छन् । त्यस्तै प्रदेशको वीरगञ्ज, जनकपुर र लाहान जस्तो शहरमा पनि स्वास्थ्य गतिविधि भइरहेको छ। यी क्षेत्र पनि भविष्यको लागि स्वास्थ्यको दृष्टिकोणले उत्तम हुदै जाने विश्वास गर्न सकिन्छ। सो विश्वासलाई सत्यमा परिणत गर्न प्रयास गरिनु जरुरी छ । वीरगञ्जमा सञ्चालित निजी अस्पतालहरुले उपचारमा चरम लापरवाही गर्दै आएको खुलेको छ।वीरगञ्जमा रहेका नाम चलेका निजी अस्पतालहरले बिरामीहरुको उपचारको क्रममा म्याद गुज्रिएका औषधिहरुको पनि प्रयोग हुने गरेको खुलेको हो ।

वीरगञ्ज महानगरपालिकाले महानगरभित्रका निजी स्वास्थ्य सँस्थाहरुको अनुगमन गर्ने क्रममा यहाँका अस्पतालहरुको लापरवाही बाहिर आएको छ। वीरगञ्ज महानगरपालिकाद्वारा गठित बजार व्यवस्थापन तथा अनुगमन समितिले निजी अस्पतालको छड्के अनुगमन गरेको थियो । त्यसैक्रममा तराई हस्पिटल र भवानी हस्पिटलमा गरिएको छड्के अनुगमनका क्रममा बिरामीको उपचारका लागि दुवै अस्पतालले म्याद गुज्रिएको औषधिदेखि केमिकल सम्म प्रयोग गरिरहेको भेटिएको छाम्याद गुज्रिएको औषधि र केमिकल प्रयोगले बिरामीको ज्यान जाने जोखिम हुदा समेत दुवै अस्पतालले लापरबाही गरेको भेटिएको हो। पहिलो पटक अस्पतालहरुलाई सचेत गराइएको छ। यसपछि पनि लापरवाही गरे शिल गर्नेसम्मको कारवाही अघि बढाइने छ। सूर्या अस्पताल र कृष्णा अस्पतालमा पनि लापरवाही भएको अनुगमनको क्रममा पाइएको छ। सूर्या अस्पतालमा पनि म्याद गुज्रेको औषधि भेटिएको छ। स्वास्थ्य जस्तो संवेदनशिल क्षेत्रमा पनि वीरगञ्जमा चरम लापरवाही हुदै आएको अनुगमनको क्रममा भेटिएको छ ।निजी अस्पतालहरुले मनोमानी तरिकाले बिरामीहरुबाट शुल्क असुल्ने गरेको आरोप यस अघिदेखि लाग्दै आएको भए पनि बिरामीहरुको उपचारमा तथा अस्पतालको सरसफाईमा पनि लापरवाही गर्दै आएको कुरा अनुगमनको क्रममा खुलाशा भएको छ। वीरगञ्जकै कृष्णा अस्पतालको सरसफाई राम्रो नभएको तथा सूर्या अस्पतालको स्टोरमा म्याद गुज्रेको स्लाईन भेटिएको छ।

निजी अस्पतालमा बिरामीहरुले चर्को शुल्क तिर्ने तर उपचार लागायतका के कस्तो ब्यवस्था छ भनेर हेर्नको लागि महानगरले अनुगमन गर्ने कार्य शुरु गरेको छ । बिरामीहरु तथा आम जनताको गुनासोलाई सम्बोधन गर्ने उद्देश्यले नै अनुगमन गरिएको हो। वीरगञ्जमा पर्सा बारादेखि लिएर मधेस प्रदेशकै बिरामीहरु उपचारको लागि आउने गरेका छन् ।महँगा भएपनि उपचार राम्रो हुने विश्वासका साथ यहाँका निजी अस्पतालहरु पनि बिरामीले भरिएका हुन्छन् । निजी अस्पतालहरुले कतिसम्मको लापरवाही गरिरहेका छन् भन्ने कुरा अनुगमनमा देखिएकोले अस्पतालहरुले यसमा तत्कालै सुधार गर्नुपर्ने आवश्यकता रहेको छ। अस्पतालको अवस्था तत्काल सुधार गर्न आवश्यक रहेको छ।

# अमेरिका नेपालको वृहत्तरहित र सुदृढ सम्बन्ध चाहन्छ : परराष्ट्रमन्त्री साउद



*वाशिङ्टन डिसी, २३ कात्तिक*

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनको निमन्त्रणामा अमेरिकाको पाँचदिने औपचारिक भ्रमणमा वाशिङ्टन डिसी आउनुभएका परराष्ट्रमन्त्री नारायणप्रकाश (एनपी) साउदले यहाँ महत्वपूर्ण भेटघाट गरी द्विपक्षीयहितका बहुआयामिक छलफल गर्नुभएको छ ।

यही कात्तिक १३ गतेदेखि सुरु भएको उहाँको भ्रमणका क्रममा सोही दिन आफ्ना अमेरिकी समकक्षी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनसँग भेटवार्ता गर्नुभएको थियो। तत्पश्चात् उहाँ पाँच दिन यहाँ रहँदा झण्डै एक दर्जन भेटवार्ता एवं कार्यक्रममा सहभागी हुनुभएको थियो। यसक्रममा व्यापार, कूटनीतिक, सूचना प्रविधि, विकास, लगानी, खाद्यसुरक्षा, जलवायु परिवर्तनजस्ता विषयमा अमेरिकी अधिकारीसँग छलफल गर्नुभएका साउदले अमेरिकी सहयोग नियोग र मिलेनियम च्यालेञ्ज कर्पोरेशनका उच्च अधिकारीसँगसमेत छलफल गर्नुभएको थियो ।

नेपाल र अमेरिकाले दौत्य सम्बन्ध स्थापना गरेको ७६ वर्षको अवधिमा नेपालको महत्वपूर्ण विकास साझेदारका रुपमा अमेरिकाले नेपालको सामाजिक, आर्थिक विकासमा सदैव सहयोग गर्दै आएको छ । 'प्वाइन्ट फोर प्रोग्राम'मार्फत् सन् १९५१ देखि नेपालको स्वास्थ्य शिक्षा कृषि पूर्वाधारलगायतका क्षेत्रमा सहयोग गर्दै आएको अमेरिकाले पछिल्लो पटक एमसिसीमार्फत ५० करोड अमेरिकी डलरको अनुदान सहायतामार्फत नेपाललाई सबैभन्दा ठूलो धनराशिको अनुदान प्रदान गर्ने देशका रुपमा आफूलाई उभ्याएको छ । भूगोलले विपरीत र टाढा रहे पनि नेपाली नागरिकसँगको सम्बन्धमा भने अमेरिका नजिक छ ।

अमेरिकामा रहेका नेपाली अमेरिकनका कारणले पछिल्ला दशकमा नागरिकस्तरको सम्बन्धसमेत मजबुत हुँदै गएको विश्लेषकहरुको भनाइ छ । यी र यस्तै अवस्थामा नेपालले आफनो आर्थिक विकासका लागि अमेरिकामा रहेको पुँजी र प्रविधिबाट लाभ लिने प्रयत्न पनि गरिरहेको छ। यस्तो अवस्थामा नेपाल सरकारकोतर्फबाट परराष्ट्रमन्त्री एनपी साउदको भ्रमणले दुई देशबीचको सम्बन्धलाई थप उचाइ प्रदान गरेको टिप्पणी कूटनीतिक वृत्तमा गरिएको छ। उहाँको यो भ्रमण र भेटघाट दुई देशबीचमा यो स्तरमा पाँच वर्षपछि भएको पटक भएको हो । नेपाल( अमेरिका सम्बन्धका विविध पक्ष, उहाँको पछिल्लो अमेरिका भ्रमण, नेपालमा अमेरिकी लगानी तथा सहयोगको चासोसहितका विविध क्षेत्रहरु समेटेर अमेरिका भ्रमणकै क्रममा गतहप्ता वासिङ्टन डिसीमा मन्त्री साउदसँग राससका अमेरिका प्रतिनिधि मधुकर अधिकारीले गर्नुभएको अन्तर्वार्ताको सम्पादित अंश:

*नेपाल सरकार र अमेरिकी सरकारका उच्च अधिकारीहरु तपाईं र अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनबीच भेटवार्ता भयो । दुई देशकाबीचमा पाँच वर्षपछि भएको यस भेटवार्ता कस्तो रह्यो ?*

म अमेरिकी महामहिम एन्टोनी ब्लिङ्केनको औपचारिक भ्रमणमा आएको हुँ । नेपाल र अमेरिकाबीच लामो समयदेखि घनिष्ट सम्बन्ध रहँदै आएको छ । ७६ वर्ष अगाडि नेपाल र अमेरिकाबीच कूटनीतिक सम्बन्ध कायम भएको हो । नेपालले कूटनीतिक सम्बन्ध स्थापना गरेको देशमा अमेरिका दोस्रो हो । संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्तिदेखि नेपालको विकास निर्माण स्वास्थ्य, खानेपानी प्रजातन्त्रको सम्वर्द्धन प्रवर्द्धन, गरिबी निवारणजस्ता कुराहरुमा अमेरिकाले नेपाललाई सहयोग दिँदै आएको छ । नेपालसँग घनिष्ट सम्बन्धी रही आएको अमेरिका सबैभन्दा ठूलो दातृ राष्टका रुपमा स्थापित भइसकेको छ ।

एमसिसी युएसएआइडीको सहयोग मार्फत नेपाललाई अनुदान दिने ठूला राष्ट्रहरुमा अमेरिका सूचीकृत छ । यस्तो सम्बन्ध भएको देशमा नियमतिरुपमा उच्चस्तरीय भ्रमणको आदानप्रदान जरुरी छ । यो पटक अमेरिकाले आमन्त्रण गरेकाले म नेपाल सरकारको प्रतिनिधित्व गर्दै आएको हुँ । नेपालका विकासका विविध पक्ष र सम्बन्धका धेरै आयामका बारेमा हामी विमर्श गरेका छौं ।

*नेपालमा अमेरिकाले गर्दै आएको सहयोग र पछिल्लो पटक एमसिसीलगायत अरु आयोजनाहरुको कार्यान्वयनमा चासो राख्दै आएको देखिन्छ, यस विषयमा केही छलफल भयो ?*

नेपालले आगामी सन् २०२६ मा अति कम विकसित देशबाट मध्यमस्तरको विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने प्रयास गरिरहेका छौं । यो हाम्रो प्रयत्नलाई स्पष्ट दिगो र पछाडि फर्कन नपरोस् भन्ने कुरामा नेपालले कोशिस गरेको छ। यो कामका लागि एउटा प्रमुख दातृराष्ट्रको नाताले अमेरिकाले पनि सहयोग गर्दै आएको छ । नेपालको बजेटमा समेत प्रतिविम्बित हुने गरेर अनुदान सहायता उपलब्ध गराउँदै आएको छ। एमसिसी परियोजनामार्फत विद्युत् प्रसारण लाइन र सडक निर्माणका लागि पनि ठूलो रकम अनुदानको सहयोग गर्दै आएको छ। कृषि, खाद्यसुरक्षाका लागि कृषिको विकास हुन जरुरी छ । अन्य क्षेत्रमा पनि सहयोग, लगानी र प्रविधिका क्षेत्रमा केवल अनुदान र सहयोग मात्र होइन कि हामीहरुलाई लगानीको आवश्यकतासमेत भएकाले नेपाललाई प्रविधिसम्म पहुँच चाहिएको र लगानीका लागि प्रत्यक्ष लाभ लिनसक्ने क्षेत्रमा तपाईहरुले लगानी गर्नुपर्‍यो भनेर मैले आग्रह गरें ।

*नेपाल र अमेरिकाबीच हुँदै आएको पारस्परिक सम्बन्धका महत्वपूर्ण पाटाहरु छन् । तर केही आलोचकहरु अमेरिकाको सुरक्षा छातामा नेपाल जान लागेको पनि भन्दै छन् । यसमा अमेरिकाको भ्रमण गर्दै गर्दा मन्त्रीज्यूको के प्रतिक्रिया छ ?*

नेपालले एउटा असंलग्न परराष्ट्र नीति अँगाल्दै आएको छ । हामी संयुक्त राष्ट्रसङ्घको वडापत्र र पञ्चशीलको सिद्धान्तमा अभ्यस्त रहँदै आएका छौं। यसमा हामीहरुको विश्वास छ। हामीहरुको छिमेकीलगायत अन्य देशसँग सुमधुर सम्बन्ध रहँदै आएको छ। हामीले हाम्रो दुई सय ५० वर्षको कूटनीतिक अनुभवलाई मुलुकको उन्नति प्रगति र जनताका हितका लागि प्रयोग गर्न चाहन्छौं ।

मित्रराष्ट्रहरुसँग पनि त्यसैअनुसार सम्बन्ध सुदृढ गरेर अगाडि बढिराखेका छौं। जहाँसम्म अमेरिकाको कुरा छ, नेपालको वृहत्तरहित र उन्नति लागि एउटा निःस्वार्थ सहयोगीका रुपमा लामो समयदेखि आफूलाई प्रस्तुत गर्दै आएको मैले महसुस गरेको छु। त्यसैले हाम्रो नीति असंलग्न परराष्ट्रबाट निर्देशित छ र हामी त्यहीअनुसार अगाडि बढ्छौं ।

अमेरिका हामीहरुको एक मित्रराष्ट्र हो र यसले नेपालप्रति सद्भाव राख्दै आएको छ। हामीले पनि अमेरिकी प्रविधि, पुँजी, लगानीलाई हरेक सम्भावना भएका क्षेत्रमा परिचालन गर्नुपर्दछ । हामीले अमेरिकी सदाशयतालाई उपयोग गरेर आफ्नो समृद्धिको यात्रा तय गर्नुपर्छ। अमेरिकी सरकार र यहाँका नागरिकको सद्भाव र समृद्धिबाट हामीले पनि लाभ लिन सक्ने हुनुपर्दछ । यसपटक मैले यहाँ गरेका द्विपक्षीय भेटवार्ताहरुमा यी पक्षहरुलाई पनि विशेष ध्यान दिएको छु ।

*यसपटक यहाँले एमसिसी परियोजनाको कार्यान्वयनका बारेमा छलफल गर्नुभयो । एमसिसीको कार्ययोजनाअनुसार कतिपय देशहरुले दोस्रो परियोजनामा पनि सम्झौता गरेको देखिन्छ, नेपालले पनि यस सम्बन्धमा केही गृहकार्य गरेको छ कि ?*

अहिले एमसिसी कार्यान्वयनमा गइसकेको छ। अमेरिकी अनुदान र नेपालको पनि लगानी भएको परियोजना, दुवै देशको प्रतिष्ठा र सपनासँग जोडिएको छ। यो मैत्रीपूर्ण आयोजनाको तोकिएका समयमा नै पूरा गर्न सकियोस् भनेर दुवै सरकार चिन्तित छौं । एमसिसीका थप परियोजना भविष्यमा फेरि आकर्षित गर्न सक्नेछौं भन्ने मलाई विश्वास छ। हामी लक्षित आयोजनाहरु समयमै सम्पन्न गर्नेछौं ।

*तपाईंले परराष्ट्रमन्त्रीको जिम्मेवारी सम्हालिसकेपछि विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा देखिने तरिकाले सहभागिता जनाइरहनुभएको छ । यसलाई दिगोरुपमा अगाडि बढाएर भविष्यमा रणनीतिकरुपमा स्थापित गराउने कुनै सोच राख्नुभएको छ ?*

नेपाल एक स्वतन्त्र राष्ट्रका रुपमा रहँदै आएको छ । अन्तर्राष्ट्रिय कूटनीतिमा पनि हामीहरुको आफना अनुभवहरु छन् हाम्रा नीतिहरु समय परिस्थिति र आवश्यकताअनुसार परिमार्जन हुँदै अगाडि बढिरहेका छन् । त्यसका लागि नीतिगत र संरचनागत परिर्वतन आवश्यक हुन्छ। सरकारका तर्फबाट हामीहरुले परराष्ट्र मन्त्रालयमा पनि पुन:संरचना गर्नुपर्ने आवश्यकता महसुस गरेका छौं । अब परम्परागत कूटनीतिक शैलीले मात्रै परिवर्तनशील समाजको वर्तमान आकाङ्क्षा परिपूर्ति हुन सक्दैन। अब कूटनीतिमात्र नभई विकासका लागि र आर्थिक समृद्धिका लागि एउटा जरुरी भइसकेको छ । परराष्ट्र मन्त्रालयभित्र श्रम समस्यालाई समाधान गर्नु, आर्थिक कूटनीतिलाई विस्तार गर्नु र लगभग पाँच भागको एक भाग जनसङ्ख्या बाहिर रहेको नेपालीको सेवा प्रवाहलाई स्तरीय र मर्यादित बनाउनका लागि हामीहरुले आफूलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता मैले देखेको छु।

*नेपालको कूटनीति कहिलेकाहीँ उत्तेजनामा बहकिने गरेको छ भन्ने गरेको पनि सुनिन्छ। तपाईंले मन्त्रालय सम्हालेपछि यसलाई कसरी व्यवस्थापन गर्नुभएको छ ?*

वास्तवमा कूटनीति बहकावमा होइन कि समस्याको यथार्थ बुझाइ र राष्ट्रहरुकोबीचको परस्पर हितको प्रतिविम्ब हुनपर्छ । दुईपक्षीय या बहुपक्षीय मामिलामा हुने वार्ताहरु हमेसा सहज हुन्छन् भन्ने छैन। यस्ता किसिमिका जटिल वार्तामा पनि राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर मुलुकले अगाडि बढ्नुपर्ने हुन्छ। नेपाल आफ्नो नीतिगत मान्यता, अनुभवहरु र भविष्यका कार्ययोजनालाई केन्द्रमा राखेर अघि बढिरहेको छ । हामी जस्तासुकै समस्याहरु पनि कूटनीतिक तवरबाट र वार्ताको टेबलमा बसेर समाधान गर्न सक्छौं भन्ने मलाई लाग्छ । हाम्रो कूटनीतिक प्रयास पनि यसैतर्फ लक्षित हुनुपर्छ भन्ने मेरो विश्वास हो ।

*परराष्ट्र मन्त्रालयका जिम्मेवारी सम्हाल्दै गर्दा केकस्ता चुनौतीको सामना गर्नुपरेको छ ?*

परराष्ट्र नीति एउटा व्यक्ति या पार्टी विशेषको हुनु हुँदैन। परराष्ट्र नीतिले समसामयिक राजनीति, कूटनीति, विकास र राष्ट्रिय सहमतिलाई पनि प्रतिविम्बित गर्नुपर्छ । परराष्ट्र नीतिलाई आन्तरिक राजनीतिको या द्वन्द्वको प्रतिछायाँ बनायो भने हाम्रो देश र हामीप्रतिको बाह्य दृष्टिकोण नकारात्मक हुनसक्छ । त्यसकारण आन्तरिक राजनीतिलाई पनि सुदृढ र बलियो बनाउँदै लैजाने र त्यसलाई बाह्य संसारमा पनि प्रभावकारी किसिमले मुखरित गर्न सक्यौं भने परराष्ट्र नीति सफल हुन्छ। मैले देश बाहिर जाँदा जहिले पनि आफ्नो देशको राष्ट्रिय सहमतिको प्रतिनिधित्व गरेको छु। राष्ट्रिय हितको प्रतिनिधित्व गरेको छु । साथै जनतालाई र उनीहरुको आकाङ्क्षाहरुलाई केन्द्रमा राखेको छु।

राजनीतिमा विवाद हुन्छ, प्रतिस्पर्धात्मक राजनीतिमा यो विवाद अलि बढी पनि हुनसक्छ। बहुदलीय संसदीय व्यवस्थाभित्र विवादलाई हामीले स्वाभाविकरुपमा लिएका छौं । यसरी हुने विवाद नेपालको बाह्य संसारलाई हेर्ने दृष्टिकोण, देशको प्रतिरक्षा, देशको आर्थिक हितमा आघात नपुग्ने गरेर मात्रै हामी अगाडि बढ्नुपर्छ । यदि हामीहरु यी कुरामा सचेत भएनौं भने र त्यसो भएन भने बाह्य शक्तिले पनि

बाँकी तेस्रो पृष्ठमा


फरक–फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो ।

कोल्हवी नगरपालिकाको कार्यालय, कोल्हवी बाराद्वारा जनहितमा जारी सन्देश

# भरतपुर महानगरपालिका र सिगात्से सहरबीच समझदारी

*काठमाडौँ, २३ कात्तिक*

भरतपुर महानगरपालिका र चीनको सिगात्से सहरबीच भगिनी सम्बन्ध कायम भएको छ। दुवै नगरका प्रमुखले त्यससम्बन्धी समझदारीपत्रमा आज हस्ताक्षर गरेका छन्।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल र चीनको स्वशासित क्षेत्र तिब्बतको सिगात्से सहरका प्रमुख लिउ स्वाचुङले समझदारीपत्रमा हस्ताक्षर भएको हो।

प्रारम्भमा पाँच वर्षका निम्ति भगिनी सम्बन्ध कायम गरिएको छ। समझदारीपत्र अनुसार दुवै सहरमा साझा समृद्धिलाई प्रवर्द्धन गर्न दुवै पक्षले अर्थतन्त्र, संस्कृति, कृषि, पशुपालन र पर्यटनलगायत क्षेत्रमा सहयोग आदान(प्रदान गरिने छ। (रासस)

## समस्याको................

कारण पहिचान गरी अवगत गराउन निर्देशन दिनुभएको हो।

"हामीले अब समीक्षा बैठकमा प्रगति गर्न सकेनौँ भनेर मात्रै हुँदैन, के कति कारणले प्रगति गर्न सकेनौँ भनेर समस्याको पहिचान गर्नुपर्छ", उहाँले भन्नुभयो, "हाम्रो मन्त्रालयको आन्तरिक कारणले नभएका के(के हुन् ? हामीले गर्न नसकेका काम के(के हुन् ? हाम्रो समन्वय नभएर अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहयोग नगरेका विषय के(के हुन् ? यस्तै समग्र हिजोका सरकार, हिजोका दायित्वलगायतका नभएका काम के(के हुन् ?" यसको पहिचान गरी काम गर्न मन्त्री शर्माले निर्देशन दिनुभयो।

उहाँले अघिल्लोपटकका सरकारले सिर्जना गरेको दायित्वसमेत फछर्यौट गर्न नसकेको अवस्थामा नयाँ कार्यक्रम सञ्चालन गर्न भएका समस्याबारे समेत समीक्षा हुनुपर्ने बताउनुभयो। अब सूचना प्रविधिको क्षेत्रमा प्रवेश नगरी देशमा डिजिटल अर्थतन्त्रको विकास नहुने र समृद्धिको बाटो नखुल्ने उहाँको भनाइ छ।

मन्त्रालयका अनुसार पहिलो त्रैमासिक अवधिमा २६ दशमलव २२ प्रतिशत चालु खर्च र दुई दशमलव ७८ प्रतिशत पुँजीगत खर्च भएको छ। आव २०८०/८१ को बजेट वक्तव्य र बजेट कार्यान्वयनका उपलब्धिमध्ये असोज महिनासम्म ३२ वटा उपलब्धि सम्पन्न हुनुपर्ने भएता पनि चारवटा मात्र सम्पन्न भएको छ। मन्त्रालयका अनुसार ३१ वटा काम चालु रहेको छ भने ११ वटा सुरु नै भएको छैन। मन्त्रालयअन्तर्गत चालु आर्थिक वर्षमा रु चार अर्ब ५४ करोड एक लाख बजेट विनियोजित छ।

बैठकमा राष्ट्रिय योजना आयोगका सदस्य अनिता शाह ढुङ्गानाले नागरिकसँग प्रत्यक्ष जोडिएको सञ्चार मन्त्रालयले प्रगतिको क्रम बढाउनुपर्ने बताउनुभयो। एकातिर सूचना प्रविधिमार्फत डिजिटल अर्थतन्त्रको आधार तयार पार्ने र अर्कोतिर आम सञ्चारमार्फत सिङ्गो राज्यको अनुहार प्रस्तुत गर्ने मन्त्रालय भएकाले आफ्नो कार्यसम्पादन क्षमता बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

मन्त्रालयका सचिव कृष्णबहादुर राउतले आधारभूत टेलिफोन, इन्टरनेट र आमसञ्चारको पहुँच बढाउँदै लैजानुपर्नेमा जोड दिँदै यी सबै क्षेत्रलाई यो वर्ष प्रभावकारी बनाएर लैजाने बताउनुभयो। राष्ट्रिय साइबर सुरक्षा नीति र राष्ट्रिय फ्रिक्वेन्सी नीति जारी गरिएको उल्लेख गर्दै उहाँले नीति, कानुन र निर्देशिका बनाउनतिर बढी ध्यान केन्द्रित गरिएको बताउनुभयो। योजना तथा कार्यक्रम समयमा सम्पन्न गर्न अहिलेदेखि कार्यान्वयनमा केन्द्रित हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

राष्ट्रिय समाचार समिति (रासस)का अध्यक्ष धर्मेन्द्र झाले रासस चौबीसै घण्टा सञ्चालन, भूकम्प प्रभावित जिल्लामा निःशुल्क समाचार सेवा उपलब्ध गराउने र उपदान कोषमा मन्त्रालयको सहयोगबारे मन्त्रीको ध्यानाकर्षण गराउनुभयो।

कार्यक्रममा प्रधानमन्त्री कार्यालय तथा अर्थ मन्त्रालयका प्रतिनिधि, मन्त्रालय मातहतका विभिन्न विभाग र निकायका प्रमुख एवं प्रतिनिधिले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो। (रासस)

## संविधान..................

आदर्शहरुलाई व्यवहारिक रुपमा मानवतावादी र लोक कल्याणकारी बनाइ मुलुकलाई शान्त, सुन्दर र विकसित गर्न सक्ने आँट, हिम्मत, साहस, सदवुद्धी हामी सबैलाई प्राप्त होस् उनले प्रेस विज्ञप्तिमा लेखेका छन्। विज्ञप्तिमा हरेक असहाय, दीन दुःखी, गरीबको पनि चुलो बलोस् भन्ने उनले शुभकामना व्यक्त गरेका हुन्।

## मेयरद्धारा..............

रेकर्ड भएको दृश्यले उक्त सि.सि.टि.भि. क्यामरा बटार्ने र ढोका छेउको क्यामरा चुडाल्ने कार्य गरेको पत्रकार सम्मेलनमा जानकारी गराईएको छ।

वडा अध्यक्ष कलवार स्वतन्त्र रुपमा जितेका वडा अध्यक्ष हुन्। दोषी वडा अध्यक्षलाई मुलुकी अपराध संहिता २०७४ को दफा २८५ अनुसार कारवाही गर्न नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित निकायलाई लेखि पठाउँने नगर प्रमुख पाठकले जानकारी दिए।

कार्तिक २२ गते बिहान बोलाईएको कार्यपालिका बैठकमा वडा अध्यक्ष कलवारले बैठक सुरु हुनुभन्दा अगाडि नै देखाएको यस्तो गतिबिधिले बैठकमा केही घट्ना घटाउँने सोच उनको हुनुपर्ने तर्क गरे।

केही दुर्घटना घट्नुभन्दा अगाडि नै मलाई पुर्व जानकारी भएर म सतर्क भए नत्र के गर्ने सोच वडा अध्यक्ष कलवारले बनाएका थिए भगवान जानुन् नगर प्रमुख पाठकले भने।

नगरपालिकाको सानो सभा हलमा राखिएको तीन थान सि.सि.टि.भि.क्यामरा तोडफोड भएको छ।

वडा अध्यक्ष नवल किशोर प्रसाद साह कलवारले सि.सि.टि.भि. क्यामरा बटार्ने काम गरिरहँदा वडा नं.७ का वडा अध्यक्ष शंकर रायभर हलभित्रै रहेको देखिएको नगर प्रमुख गोकर्ण पाठकले पत्रकार सम्मेलनमा जानकारी दिए।

उनले दोषीमाथि कारवाही प्रक्रिया अगाडि बढाउँदै जनप्रतिनिधिहरुको गरिमा माथि भएको प्रहारप्रती एक प्रेस बिज्ञप्ति निकाल्दै खेद प्रकट गरेका छन्। कार्यपालिका बैठकले पनि सि.सि.टि.भि. क्यामरामा क्षती पुर्‍याउँने दोषीलाई कानुनी कारवाही गर्ने निर्णय गरेको छ।

## मिटर ब्याज...........

मिटर ब्याज पीडितहरुलाई न्याय दिलाउनबाट रोकि राखेको बताए।सोझा साझा समाजका मानिसहरुलाई साहुहरुले एक लाख ऋण दिएर १० लाखको कागज गराएकोले त्यसको सत्य तथ्य छानविन गरी पीडकलाई कारवाही गर्नुपर्ने माग मिटर ब्याज तथा ठगी बिरुद्ध किसान मजदुर संघर्ष समिति बाराका अध्यक्ष सोहन शर्माले गरेका छन्।

सरकारसंगै जिल्ला प्रशासनले पनि मिटर ब्याज पीडित ऋणीहरुलाई न्यायमा कन्जुस्याई गर्न नहुने भन्दै मिटर ब्याज पिडीत पर्सा पोखरिया नगरपालिकाका गोबर्द्धन यादवले जिकिर गरे।

उनले अन्यथा आफूहरु थप आन्दोलनमा उत्रिने चेतावनी समेत दिए। सरकारसंगै प्रहरी प्रशासन पनि मिटर ब्याज पिडीतहरुलाई न्याय दिलाउनमा ढिलाई गरिरहेकोले बाध्य भएर आन्दोलनमा उत्रिनु परेको समितिका केन्द्रिय प्रबक्ता निरज नविनले आरोप लगाए।सरकारले देशैभरिका मिटर ब्याज पीडितहरुको समस्या समाधान गर्नको लागि कानुन नै बनाएको छ।जस अनुसार देशका सबै जिल्ला प्रशासन कार्यालयहरुमा अहिले दैनिक रुपमा मिटर ब्याज पीडितहरुको निबेदन माथि छलफल तथा कारवाही हुदै आएको छ।

पीडित भनिएकाहरुले अझै न्याय पाउन नसकिएको भन्दै बेला बेलामा विरोध गर्दै आएका छन्।

## अमेरिका ...............

आन्तरिक राजनीतिमा खेल्ने 'स्पेस' पाउन सक्दछन्। हामी यस्तोमा सर्तकतापूर्वक अगाडि बढ्नुपर्छ।

कतिपय देशमा कूटनीतिक नियोगले प्रभावकारी काम गर्न सकेनन् भन्ने गुनासो पनि आउने गरेको छ। यसलाई कसरी सम्बोधन गर्नुहुन्छ ?

सरकारले गर्ने कामलाई प्रभावकारी बनाउँदै सरकारले गर्न नसक्ने कामको 'डायस्पोरा'मा रहनुभएकाहरुको हित हुने गरेर कुनै 'आउट सोर्सिङ'को प्रक्रियाबाट पनि यो समस्याको समाधान गर्न सकिन्छ। अब परराष्ट्र मन्त्रालय पुरानै ढर्रामा चलाएर मुलुकबाहिर रहेको करिब ६० लाख मानिसको ठूलो सङ्ख्याको समस्या समाधान हुन सक्दैन भन्ने मलाई लाग्छ।

हाम्रो मुलुकमा अहिले पनि वर्षमा कम्तीमा १२ खर्ब रेमिटेन्स भित्रिइरहेको छ। यत्रो रकम नेपालमा पठाउने नेपालीको सेवा प्रवाह मैत्रीपूर्ण, सेवाभावले भरिएको हुनुपर्छ। उनीहरुका समस्यालाई सरकारले आत्मसात् गरेर, सम्बोधन गरेर अगाडि बढ्नुपर्छ। त्यस्तै बदलिँदो विश्व परिवेशमा नेपाललाई लाभ हुने गरी कूटनीतिक कौशलता प्रदर्शन गर्नुपर्नेछ।

आर्थिक कूटनीतिका माध्यमबाट नेपालमा लगानीको आकर्षणलाई पनि विश्वमा पुर्‍याउनुछ। यसका लागि दरिलो र अब्बल परराष्ट्र नीति र त्यस बमोजिमको कौशलता अहिलेको आवश्यकता हो। (रासस)

# अन्तर्राष्ट्रिय समाचार

## जलवायु वार्तामा अमेरिकासँग 'सकारात्मक परिणाम' आएको छ–चीन

*बेइजिङ, २३ कात्तिक*

चीनले दुबईमा कोप२८ शिखर सम्मेलन हुनुभन्दा पहिला क्यालिफोर्नियामा अमेरिकासँग भएको जलवायुसम्बन्धी वार्तामा 'सकारात्मक परिणाम' आएको बिहीबार बताएको छ। चीन र अमेरिका विश्वका सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने मुलुक हुन्।

बेइजिङको पारिस्थितिकीय तथा पर्यावरण मन्त्रालयका अनुसार अमेरिकी जलवायु दूत जोन केरी र उहाँका चिनियाँ समकक्षी झि झेनहुवाबीच बुधबार भएको कुराकानी 'सफलतापूर्वक सम्पन्न' भएको छ।

"दुवै पक्ष विचारहरूको विस्तृत र गहिरो आदानप्रदानमा संलग्न रहे र द्विपक्षीय जलवायु परिवर्तन सहयोग र कार्यको विकासमा सकारात्मक परिणाम हासिल गरे", मन्त्रालयले भनेको छ, "बेइजिङ र वासिङ्टन कोप२८ सम्मेलनको सफलताका लागि संयुक्तरूपमा प्रयास गर्न सहमत भएका छन्।"

कोप२८ शिखर सम्मेलनका लागि मुलुकहरू यसै महिनाको अन्त्यमा संयुक्त अरब इमिरेट्मा भेला हुनेछन्। विश्वव्यापी तापक्रमलाई सीमित गर्नका लागि आम सहमति बनाउनु शिखर सम्मेलनको उद्देश्य रहेको छ।

विश्वमा सबैभन्दा धेरै हरितगृह ग्यास उत्सर्जक चीनले सन् २०३० सम्ममा कार्बनडाइअक्साइडको अधिकतम उत्सर्जन गर्ने र सन् २०६० सम्ममा कार्बन तटस्थ बनाउने प्रतिबद्धता व्यक्त गरेको छ।

उक्त प्रतिबद्धताले आफ्नो लक्ष्यलाई अधिक महत्त्वाकांक्षी बनाउन सक्छ भन्ने पश्चिमी कूटनीतिज्ञहरूको सुझावलाई चीनले खारेज गरेको छ।

बेइजिङको पर्यावरण मन्त्रालयले धेरै शक्तिशाली हरितगृह ग्यास मिथेनको उत्सर्जनलाई रोक्नका लागि एउटा व्यापक तर अस्पष्ट योजना सुरु गरेको मङ्गलबार बताएको छ। उक्त योजनाले उसको उत्सर्जनलाई कम गर्नका लागि कुनै विशिष्ट लक्ष्य दिएको छैन। (रासस)

## रुसलाई हतियार दिएको भन्दै अमेरिका र दक्षिण कोरियाद्वारा उत्तर कोरियाको आलोचना

*सोल, २३ कात्तिक*

आफ्नो प्रमुख सहयोगी दक्षिण कोरियाका शीर्ष अधिकारीहरूसँगको बैठकपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङकेनले बिहीबार युक्रेनमाथि रुसी आक्रमणमा सहयोग गर्न रुसमा हतियार पठाएकामा उत्तर कोरियाको आलोचना गर्नुभएको छ।

अमेरिका, दक्षिण कोरिया र जापानले हालैका सातामा युक्रेनमा रुसको सैन्य अभियानलाई अगाडि बढाउन सहयोग गरेकामा प्योङ्याङको आलोचना गर्दै आएका छन्। उत्तर कोरियाले रुसमा १० लाख तोप पठाएको सोलले बताएको छ।

जापानमा जी-७ का विदेशमन्त्रीहरूको बैठकपछि ब्लिङ्केन अहिले सोलमा हुनुहुन्छ। उहाँले बिहीबार दक्षिण कोरियाली राष्ट्रपति युन सुक योलसँग सोलमा भेटवार्ता गर्नुभएको छ। "उहाँहरूले युक्रेनविरुद्धको युद्धमा प्रयोगका लागि उत्तर कोरियाले रुसलाई सैन्य उपकरण र युद्ध सामग्री उपलब्ध गराएकामा कडा निन्दा गर्नुभएको छ", राष्ट्रपति युनसँग विदेशमन्त्री ब्लिङ्केनको भेटपछि अमेरिकी विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, "गाजामा सर्वसाधारणलाई मानवीय सहयोग प्रदान गर्ने दक्षिण कोरियाको प्रतिबद्धताका लागि ब्लिङ्केनले राष्ट्रपति युनलाई धन्यवाद दिनुभएको छ।"

इजराइल(हमास युद्धमाथि कुराकानी गर्न मध्यपूर्वको शीघ्र भ्रमणपछि ब्लिङ्केनले एसियाली मुलुकको भ्रमण गर्नुभएको हो। यसअघि बिहीबार ब्लिङ्केनले दक्षिण कोरियाका राष्ट्रिय सुरक्षा सल्लाहकार चो ताए(योङसँग भेटवार्ता गर्नुभएको थियो। अमेरिकी विदेश मन्त्रालयका अनुसार युक्रेनलाई सहयोग उपलब्ध गराउने दक्षिण कोरियाको प्रतिबद्धताप्रति उहाँले धन्यवाद व्यक्त गर्नुभयो।

पहिलाको आणविक हतियार र मिसाइल कार्यक्रम एवं युक्रेनमाथि आक्रमणलाई लिएर ऐतिहासिक सहयोगी रुस र उत्तर कोरिया दुवै अन्तर्राष्ट्रिय प्रतिबन्धको अधीनमा छन्। विशेषगरी सेप्टेम्बरमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग उत्तर कोरियाली नेता किम जोङ उनको शिखर वार्तापछि दुई मुलुकबीचको बढ्दो सैन्य सहयोग युक्रेन र उसका सहयोगीहरूका लागि चिन्ताका विषय बनेको छ।

अन्तरिक्षमा सैन्य जासुसी उपग्रह स्थापना गर्न सकियोस् भन्ने उद्देश्यले रुसी अन्तरिक्ष प्रविधिको बदलामा प्योङयाङले रुसलाई हतियार उपलब्ध गराइरहेको दक्षिण कोरियाले बताएको छ। टोक्योमा ब्लिङ्केनले भन्नुभएको थियो, "प्योङयाङबाट रुसले जुन हतियार र युद्ध सामग्री प्राप्त गरिरहेको छ, त्यसको बदलामा उसले प्योङयाङलाई के प्रदान गरिरहेको छ भन्ने कुराले हामी अत्यन्त चिन्तित छौँ।"

उत्तर कोरियाले रुसलाई हतियार पठाइरहेको छ भन्ने 'कुनै प्रमाण' नभएको क्रेमलिनले गत महिना बताएको थियो। "उत्तर कोरिया र रुसबीचको यो नयाँ सहयोगलाई ध्यानमा राख्दै दक्षिण कोरियाले अमेरिकी समर्थनको प्रदर्शन र संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धहरूलाई कायमै राख्नका लागि अमेरिकी प्रतिबद्धतालाई एक पटक पुनः पुष्टि गर्न चाहन्छ", सोल नेसनल युनिभर्सिटीका प्राध्यापक बेन्जामिन ए एङ्गेलले एएफपीलाई भन्नुभयो, "यो भ्रमण यस्तै गर्नका लागि डिजाइन गरिएको हो।"(रासस)

## क्षयरोग तथा मृत्युदर घटाउने भारतको सफलता डब्लुएचओद्वारा स्वीकार

*नयाँदिल्ली, २३ कात्तिक*

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले सन् २०१५ देखि लागु भएको क्षयरोगका घटना तथा मृत्युदर कम गर्ने प्रयासमा भारतले गरेको सफलतालाई स्वीकार गरेको भारतको स्वास्थ्य मन्त्रालयले बुधबार बताएको छ।

"भारतको प्रयासका कारण सन् २०२२ मा (सन् २०१५ देखि) क्षयरोगको घटनामा १६ प्रतिशत कमी आएको छ, यो वैश्विक क्षयरोगका घटनामा भएको गिरावट (आठ दशमलव सात प्रतिशत) भन्दा करिब दुई गुणा हो।

यस अवधिमा भारत र वैश्विकस्तरमा क्षयरोगबाट हुने मृत्युदर पनि १८ प्रतिशतले घटेको छ", मन्त्रालयले भनेको छ, "डब्लुएचओले सन् २०२१ मा चार लाख ९४ हजारबाट सन् २०२२ मा तीन लाख ३१ हजारमा क्षयरोगको मृत्युदरलाई ३४ प्रतिशतभन्दा बढीले घटाएर संशोधन गरेको छ।"

डब्लुएचओले मङ्गलबार आफ्नो ग्लोबल क्षयरोग रिपोर्ट २०२३ जारी गर्दै भारतमा क्षयरोगको मामिला पत्ता लगाउने सुधारमा ठूलो प्रगति गरेको बताएको छ।

"अनुमानित क्षयरोग मामिलाको उपचार बढेर ८० प्रतिशत भएको छ, यो गत वर्षको तुलनामा १९ प्रतिशतले बढी हो", मन्त्रालयले भनेको छ, "भारतले राष्ट्रिय स्वास्थ्य मिसनको तत्वावधानमा लागू गरिएको राष्ट्रिय क्षयरोग उन्मूलन कार्यक्रममा थप लगानी गरेर क्षयरोग उन्मूलन प्रयासहरूलाई प्राथमिकता दिनका लागि साहसिक कदम चालेको छ।" (रासस)

एक–अर्काको धर्म–संस्कृति, रितिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं।

बारागढी गाउँपालिकाको कार्यालय, खोपवा बाराद्वारा जनहितमा जारी सन्देश

# समस्याको सूची बनाएर समाधान गर्न सञ्चारमन्त्रीको निर्देशन

*काठमाडौँ, २३ कात्तिक*

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मन्त्रालय र मातहतका निकायमा भौतिक तथा वित्तीय प्रगति हुन नसक्नुका कारण तत्काल पहिचान गरी समाधान गर्नुपर्ने बताउनुभएको छ । साथै उहाँले समस्याका सूची बनाएर समाधान गर्दै जान निर्देशन दिनुभयो ।

मन्त्रालयले आज आयोजना गरेको आर्थिक वर्ष २०८०/८१ को प्रथम त्रैमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकलाई सम्वोधन गर्दै मन्त्रालय र मातहत निकायको लक्ष्य हासिलमा भइरहेको ढिलाइको

**बाँकी तेस्रो पृष्ठमा**

# संविधान सभा सदस्य डा. पराजुली द्वारा शुभकामना व्यक्त

*साझेदारी संवाददाता*
*कलैया, २३ कार्तिक*

संविधान सभा सदस्य डा. शोभाकर पराजुलीले चाडपर्वको अवसरमा सम्पूर्ण देशवासीलाई शुभकामना दिएका छन् ।

पराजुलीले बिहीबार एक प्रेस वक्तव्य जारी शुभकामना दिएका हुन् । वि. स. २०८० को कार्तिक २३ गतेदेखि . मंसिर ३ गतेसम्मका सबै पर्व/ अवसरमा उनले शुभकामना दिएका हुन् ।



रमा एकादशी व्रत/ विश्व स्वतन्त्रता दिवस, धन त्रयोदशी व्रत ( धनतेरस)/ प्रदोष व्रत/ शान्ति र विकासका लागि विश्व विज्ञान दिवस, काग तिहार/ धनवन्तरी जयन्ति/ महागुरु फाल्गुनन्द जयन्ति, लक्ष्मी पूजा/ महाकवि लक्ष्मीप्रसाद देवकोटा जन्म जयन्ति/ नरक चतुर्दशी/ सुखरात्री/ कुकुर तिहार, गाई तिहार/ सोमबारे औंसी, गोबर्धन पूजा/ म्हः पूजा/ नेपाल सम्वत् ११४४ प्रारम्भ/ विश्व मधुमेह दिवस, भाइ टीका/ किजा पूजा, अन्तरराष्ट्रिय सहनशीलता दिवस, अन्तरराष्ट्रिय विद्यार्थी दिवस, छठपर्व व्रत, छठ पूजा/ विश्व सौचालय दिवसे" को उपलक्ष्यमा सबैमा मंगलमय शुभकामना उनले व्यक्त गरेका हुन् ।

नेपाल बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक राष्ट्र रहेको भन्दै उनले प्रेस विज्ञप्तिमा सबैमा सामन्जस्य, सदभाव, एकता, प्रेम, मेलमिलाप, सौहार्दता, सम्मान प्रचुर मात्रामा रहेको जनाउदै सबैको भावना मानवतावादले ओतप्रोत रहेको लेखेका छन् ।

यी र यस्ता चाडपर्व र अवसरहरुले हामीलाई अझ बढी प्रेमिल, पारदर्शी, इमान्दार बनी हाम्रो अधोगतितर्फ जाँदै गरेको मानसिकता र मुलुकलाई चौतर्फी उन्नति र विकास गर्ने शक्ति प्रदान गर्ने उनले विज्ञप्तिमा विश्वास व्यक्त गरेका छन् ।

पहिचान, समान अवसर, सबै स्थानमा सबैको समुचित प्रतिनिधित्व सुनिश्चित बनोस् तथा सबै प्रकारका युद्द, हिंसा, अपराध, दुराचार, विभेद, अनियमितता, भ्रष्टाचार, दण्डहिनता, नातावाद, कृपावादको अन्त्यको कामना उनले गरेका छन् ।

सम्पूर्ण रुपमा लोकतन्त्रले लय लिइ यसको मूल्य, मान्यता,

**बाँकी तेस्रो पृष्ठमा**


# बारागढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### खोपवा, बारा
### मधेश प्रदेश

## सेवा करारमा कर्मचारी माग सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति :-२०८०/०७/२४ गते*

यस बारागढी गाउँपालिकाको लागि देहायका पद र संख्यामा यस कार्यालयको मिति २०८०/०६/१५ तथा मिति २०८०/०७/२३ गतेको निर्णयानुसार यस गाउँपालिकामा करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ तथा नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० अनुसार सेवा करारमा तपसिलका कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले मिति २०८०/०८/०९ गते भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| विज्ञापन नं. | पद | तह | संख्या | उमेर हद | परिक्षाको किसिम | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०१/२०८०/०८१ | कम्प्युटर अपरेटर | चौथो तह | ५ जना | १८-३५ | लिखित तथा मौखिक अन्तरर्वाता | रु.८००।- | |
| ०२/२०८०/०८१ | हे.अ (H.A) | पाँचौ तह | १ जना | १८-३५ | लिखित तथा मौखिक अन्तरर्वाता | रु.८००।- | |
| ०३/२०८०/०८१ | अ.हे.व. | चौथो तह | १ जना | १८-३५ | लिखित तथा मौखिक अन्तरर्वाता | रु.८००।- | |
| ०४/२०८०/०८१ | अ.न.मी. | चौथो तह | १ जना | १८-३५ | लिखित तथा मौखिक अन्तरर्वाता | रु.८००।- | |
| ०५/२०८०/०८१ | स्टाफ नर्स | पाँचौ तह | २ जना | १८-३५ | लिखित तथा मौखिक अन्तरर्वाता | रु.८००।- | |
| ०६/२०८०/०८१ | कार्यालय सहयोगी | श्रेणी विहीन | १२ जना | १८-४५ | मौखिक अन्तरर्वाता | रु.५००।- | |
| ०७/२०८०/०८१ | पाले | श्रेणी विहीन | १ जना | १८-४५ | मौखिक अन्तरर्वाता | रु.५००।- | |
| ०८/२०८०/०८१ | माली | श्रेणी विहीन | १ जना | १८-४५ | मौखिक अन्तरर्वाता | रु.५००।- | |
| ०९/२०८०/०८१ | एम्बुलेन्स चालक | श्रेणी विहीन | २जना | १८-४५ | मौखिक अन्तरर्वाता | रु.५००।- | |
| १०/२०८०/०८१ | ट्रेक्टर चालक | श्रेणी विहीन | १जना | १८-४५ | मौखिक अन्तरर्वाता | रु.५००।- | |
| ११/२०८०/०८१ | नगर प्रहरी हवल्दार | श्रेणी विहीन | १ जना | १८-३५ | लिखित तथा मौखिक अन्तरर्वाता | रु.५००।- | |
| १२/२०८०/०८१ | नगर प्रहरी जवान | श्रेणी विहीन | ६जना | १८-३५ | लिखित तथा मौखिक अन्तरर्वाता | रु.५००।- | |

**द्रष्टव्य :-**

१. **आवेदन बुझाउने स्थान** :- बारागढी गाउँकार्यपालिकाको कार्यालय, खोपवा बारा ।
२. **आवेदन दिनु पर्ने अन्तिम मिति** :- मिति २०८०/०८/०९ गते सम्म तथा अन्तिम दिन विदा परेमा कार्यालय खुलेको दिन ।
३. **आवश्यक योग्यतातथा पेश गर्नुपर्ने कागजात :-**
   - **सहायक कम्प्युटर अपरेटर (चौथो):-** नेपाली नागरिकताको प्रमाण पत्र, मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०२ वा सो सरह उतिर्ण गरी कम्तिमा ३ (तीन) महिनाको कम्प्युटर सम्बन्धी तालिम लिएको प्रमाण पत्र ।
   - **हेल्थ असिष्टेन्ट (पाँचौ):-** नेपाली नागरिकताको प्रमाण पत्र, हे.अ.को कोर्ष उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको ।
   - **अ.हे.व.(चौथो):-** नेपाली नागरिकताको प्रमाण पत्र, मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि./एस.ई.ई उतिर्ण गरी १८ महिने अ.हे.व. कोर्ष उतिर्ण गरेको ।
   - **अ.न.मी.(चौथो):-** नेपाली नागरिकताको प्रमाण पत्र, मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि./एस.ई.ई उतिर्ण गरी १८ महिने अ.न.मी. कोर्ष उतिर्ण गरेको ।
   - **स्टाफ नर्स (पाँचौ):-** नेपाली नागरिकताको प्रमाण पत्र, स्टाफ नर्सको कोर्ष उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको ।
   - **कार्यालय सहयोगी (श्रेणी विहिन):-** नेपाली नागरिकताको प्रमाण पत्र, मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा ८ उतिर्ण गरेको प्रमाण पत्र सबै ।
   - **पाले र माली (श्रेणी विहिन):-** नेपाली नागरिकताको प्रमाण पत्र, सामान्य लेखपढ गर्न जान्ने ।
   - **एम्बुलेन्स चालक र ट्रेक्टर सवारी चालक (श्रेणी विहिन):-** नेपाली नागरिकताको प्रमाण पत्र, साधारण लेखपढ गर्न जान्ने र सम्बन्धित सावारी साधनको चलाउने चालक अनुमतिपत्र ।
   - **नगर प्रहरी हवल्दार र नगर प्रहरी जवान (श्रेणी विहिन):-** गाउँपालिका नगर प्रहरीको लागि चाहिने न्युनतम योग्यता निम्नानुसार रहेको छ ।

   क) नेपाली नागरिकता भएको ।
   ख) कम्तीमा एस.एल.सि./एस.ई.ई उतिर्ण भएको ।
   ग) पुरुषको हकमा शरीरको उंचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ५० के. जी. हुनु पर्ने (महिलाको हकमा शरीरको उंचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के. जी. हुनुपर्ने)
   घ) कुनै प्रकारको गैर कानुनीकार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।

४. **सम्पर्क मिति** :- सम्पर्क मिति तथा परिक्षा मिति यस कार्यालयको धभदकष्तभ मा पछि प्रकाशन गरिनेछ ।
५. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
६. म्याद नाघी आएको र रित नपुगेको दरखास्त उपर कुनै कार्वाही हुने छैन ।
७. **सम्पर्क नं.**:- ९८४५४३०४४७/९८०२९०००४४ (प्रशासन शाखा)
८. दस्तुर रकम गाउँपालिकाको राजस्व शाखामा बुझाई सक्कल भौचर पेश गर्नु पर्ने छ ।
९. सूचनामा उल्लेखित भए बाहिरका अन्य कुराहरु प्रमूख प्रशासकीय अधिकृतको संयोजक्तवमा रहेको करारमा कर्मचारी सिफारिस गर्न उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

*प्रमूख प्रशासकीय अधिकृत*


# खेल समाचार

## वडा अध्यक्ष गोल्डकप फुटबलको फाइनलमा पुग्यो वीरगञ्ज



*साझेदारी संवाददाता*
*निजगढ, २३ कार्तिक*

वीरगञ्ज युनाइटेड निजगढको रतनपुरमा जारी वडा अध्यक्ष गोल्डकप फुटबलको फाइनलमा प्रवेश गरेकोछ ।

बिहीवार सम्पन्न दोस्रो सेमिफाइनलमा एफसी चन्द्रपुर गैडाटार रौतहटलाई १-० गोल अन्तरले पराजित गर्दै वीरगञ्ज युनाइटेड प्रतियोगिताको फाइनलमा प्रवेश गरेको हो ।

वीरगंजकोलागि मध्यान्तर अघिको अतिरिक्त समयमा सागर चौधरीले गरेको गोल नै निर्णायक बन्यो । खेलमा निर्णायक गोल गर्दै टोलिलाई फाइनलमा पुऱ्याएका सागर खेलको प्लेयर अफ द म्याच घोषित भए । वीरगंजले उपाधिकोलागी शनिबार योङ्ग स्टार युनाइटेड क्लब निजगढ लालसङ्ग प्रतिस्पर्धा गर्नेछ ।

रतनपुर युनाइटेड युथ क्लबको आयोजनामा संचालित प्रतियोगिताको बिजेताले १ लाख रुपैयाँ प्राप्त गर्नेछ भने उपबिजेताले ५० हजार रुपैयाँ प्राप्त गर्नेछ । निजगढ वडा नम्बर ११ वडा कार्यालयको मुख्य आर्थिक सहयोगमा सो प्रतियोगिता यहाँ भइरहेको हो ।


**जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहर समयमै गर्ने गरौं ।**

**सुवर्ण, प्रसौनी, देवताल, फेटा, करैयामाई र आदर्शकोतवाल गाउँपालिकाको कार्यालय,बाराद्वारा जनहितमा जारी सन्देश**